ऐरावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बरौंला, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८३/०८४

च.नं.

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्युठान लुम्बिनी प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१७)

**२०८३/०८४ मा नयाँ गहुँबाली पकेट विकास कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

**सूचना नं. ११/०८३/०८४**

यस ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्युठानको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत (संघीय सशर्त) गहुँबाली पकेट विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले उक्त गहुँबाली पकेट विकास कार्यक्रम सञ्चालन गर्न इच्छुक यस ऐरावती गाउँपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा खेतीमा आबद्ध रहनु भएका कृषक समूह / सहकारी /कृषि फर्म/ कृषि कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात (मितिः२०८३/०५/३१) गते भित्र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संसोधन २०८१), को अनुसूची (६) अनुसारको निवेदन, अनुसूची (१०) अनुसारको आवेदन फारम तथा अनुसूची (७) अनुसारको आधारभूत तथ्यांक फारम भरि ऐरावती गाउँपालिकाको कृषि विकास शाखामा तपसिल अनुसारका कागजातहरु संग्लग्न गरि आवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि थप जानकारीका लागि सम्पर्क नं. ९७६८९५९९४०, ९८४०६५६२१७ मा सम्पर्क गर्न सकिनेछ।

**पकेट कार्यक्रम सञ्चालनका आधारहरुः**

| बालीबस्तु | एकाई | भौगोलिक क्षेत्र | कैफियत |
|---|---|---|---|
| खाधान्न बाली (गहुँ) | हेक्टर | १५ | |

**आवश्यक कागजातहरुः**

१. अनुसूची-६, १० अनुसारको आवेदन तथा अनुसूची-७ अनुसारको विवरण।

२. पकेट माग गर्ने संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी। (कृषक समूह /सहकारीको हकमा)

३. सम्बन्धित वडा कार्यालयको सिफारिस।

४. कार्यक्रमको प्रस्तावना माग गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी।

५. संस्था दर्ता प्रमाण पत्रको नवीकरण सहितको प्रतिलिपी।

६. कृषक समूह /सहकारी/कृषि फर्म/ कृषि कम्पनीहरुको कर चुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी।

७. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तिमा ५ (पाँच) बर्षको करार सम्झौता पत्रको प्रतिलिपी।

८. कार्यक्रम सम्बन्धि अन्य आवश्यक कागजातहरु।

०५ | १७

.....

(सरद गौतम)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सूचना प्रबिधि अधिकृत ज्यू, यो सूचना वेबसाईटमा अपलोड गरी सबै वडाहरुमा ईमेल गरी जानकारी गराई दिनुहुन।

प्रमुख प्रशासकीय अधिकृत